आज मिति २०८१/०६/१५ गते मंगलवारका दिन विहान ८:०० बजे गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री कृष्ण कुमार यादव ज्यूको अध्यक्षतामा तपसिल अनुसारको पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय अनुसारको प्रस्तावमाथि छलफल गरी निम्नानुसार निर्णय गरियो।

तपसिल :

| | |
|---|---|
| श्री कृष्ण कुमार यादव | अध्यक्ष |
| श्री मिना देवी राय | उपाध्यक्ष |
| श्री राम सुरेश राय (वडाध्यक्ष वडा नं. १) | सदस्य |
| श्री विनोद कुमार राय (वडाध्यक्ष वडा नं. २) | सदस्य |
| श्री दिनेश कुमार साह (वडाध्यक्ष वडा नं. ३) | सदस्य |
| श्री फैयाज अहमद (वडाध्यक्ष वडा नं. ४) | सदस्य |
| श्री नागेन्द्र प्रसाद साह (वडाध्यक्ष वडा नं. ५) | सदस्य |
| श्री राजेश कुमार यादव (वडाध्यक्ष वडा नं. ६) | सदस्य |
| श्री नविन कुमार राय (वडाध्यक्ष वडा नं. ७) | सदस्य |
| श्री रामकैलाश राउत (वडाध्यक्ष वडा नं. ८) | सदस्य |
| श्री विजय कुमार यादव (वडाध्यक्ष वडा नं. ९) | सदस्य |
| श्री ईन्द्रकला देवी | सदस्य |
| श्री रिता कुमारी | सदस्य |
| श्री शोसिला कुमारी यादव | सदस्य |
| श्री श्याम कुमारी राम | सदस्य |
| श्री फेकु साह कानु | सदस्य |
| श्री राकेश ठाकुर (लोहार) | सदस्य |
| श्री संजिव कुमार यादव (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

आमन्त्रित :

श्री संजय कुमार ठाकुर (लेखापाल)

श्री दुर्गानन्द कुमार यादव (कम्प्युटर अपरेटर)

प्रस्तावहरु :

१. पुरातत्व विभागको स्वीकृत लिनु पर्ने सम्बन्धमा ।

२. धार्मिक तथा संस्कृतिक संस्था साहायता सम्बन्धमा ।

३. पोखरी ठेक्का सम्बन्धमा ।

४. कर्मचारी हाजिरी गराउने सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ८४ मिति २०८१।०५।२५ गतेको पत्र र संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयको च.नं. ९३ मिति २०८१।०५।२० गतेको पत्र तथा पुरातत्व विभागको च.नं. २५ मिति २०८१।०५।०७ गतेको पत्र अनुसार तपसिल बमोजिम कार्य गर्न समन्वय तथा सहजीकरण गर्ने निर्णय गरियो ।

तपसिल :

(क) प्राचीन स्मारक र पुरातत्व सम्बन्धी ऐतिहासिक वा कलात्मक वस्तुहरुको संरक्षणको निमित्त बनेको प्राचीन स्मारक संरक्षण ऐन, २०१३ र नियमावली, २०४६ बमोजिम कार्य गर्ने ।

(ख) प्रत्येक स्थानीय तहले आफ्नो कार्य क्षेत्रभित्र भएका पुरातात्विक महत्वका मठ, मन्दिर सत्तल, ढुंगेधारा र इनार आदिको पुननिर्माण, जीर्णोद्धार, मर्मत समेत गर्दा पुरातत्व विभागको स्वीकृत लिनुपर्ने ।

(ग) पुननिर्माण, जीर्णोद्धार तथा मर्मत गर्दा मौलिक स्वरुपमा परम्परागत निर्माण सामग्रीको प्रयोग गर्ने ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चक्रघट्टा गाउँपालिका अन्तर्गत हुने धार्मिक आस्थाका पूजा आर्चणा, यज्ञ तथा महायज्ञ जस्ता कार्य गर्दा पूजा समिति गठन गरी पूजामा खर्च भएका सामाग्रीहरुको बिल भरपाई र वडा कार्यालयको सिफारिश सहित पूजा समितिका अध्यक्षले निवेदन सहित गा.पा.को कार्यालयसँग रकम मांग गर्दा गा.पा. अध्यक्षज्यूको आदेशानुसार अधिकतम ४५,००० सम्मको रकम पूजा समिति अध्यक्षको व्यक्तिगत खातामा जानेगरी सोझै भुक्तानी गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय राजश्व परामर्श समितिको मिति २०८१।०५।२८ गतेको दोस्रो पटकको लागि पोखरी/सटर ठेक्का व्यवस्थाको लागि भएको निर्णय बमोजिम गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (कर्मचारी प्रशासन शाखा) को पत्र संख्या २०८१/८२/१/क.प्र. च.नं. ६५२ मिति २०८१/०६/१० गतेको पत्रानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पुलदरबन्दीमा पदाधिकार रही चिकितसा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, काठमाडौंमा कामकाजमा रहनु भएका श्री धर्मेन्द्र कुमार यादव (क.सं.नं. १९५०१०) ल्याब टेक्निसियन (पाँचौ तह) लाई यस गाउँपालिकामा रहेका चक्रघट्टा जनस्वास्थ्य प्रयोग शालामा कामकाजमा लगाई हाजिर गराउने निर्णय गरियो ।